नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषी सडक विभाग (डोलीडार)
श्रीमहल, पुल्चोक, ललितपुर
टेलिफोन नं. ०१-५५५४४६३

पत्र संख्या: २०७४/७५
चलानी नं. :१५०

मिति : २०७५/०१/१३

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
नगरपलिका/गाउँपालिकाको कार्यालय,
चौतारा सांगाचोकगढी, बाह्रबिसे, मेलम्ची, ईन्द्रावती, जुगल, पाँचपोखरी थाङ्पाल, बलेफी, भोटेकोशी, लिसंखु पाखर, सुनकोशी, हेलम्बु, त्रिपुरासुन्दरी - सिन्धुपाल्चोक जिल्ला ।

**विषय : GIS/GPS तालिममा सहभागिता सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा यस विभाग तथा ग्रामीण पहुँच कार्यक्रम (RAP3) को संयुक्त आयोजनामा RAP3 संचालन भएका जिल्लाका नगरपालिका तथा गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि ६ दिने GIS/GPS सम्वन्धि तालिम आयोजना गरिएको हुंदा स्थायी कर्मचारीलाई प्राथमिकता दिई त्यस कार्यालयमा कार्यरत १ जना प्राविधिक कर्मचारी (ईन्जिनियर वा सव-इन्जिनियर वा असिस्टेण्ट सव-इन्जिनियर वा सूचना प्रविधि/आई.टि.अधिकृत) लाई उक्त तालिममा सहभागिताको लागि छनौट गरी भाग लिन पठाई दिने व्यवस्थाको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/१२/२८ को निर्णयानुसार अनुरोध गरिन्छ । यस तालिमबाट त्यस कार्यालयका प्राविधिक लाई स्थानीय तह भित्रका बिद्यमान स्थानीय सडक सञ्जाल, सडक पुल तथा अन्य संरचनाहरुको GPS बाट लगत संकलन गरी GIS मा आधारित तथ्याङ्क अद्यावधिक गर्ने, नक्सा वनाउने काममा सहयोग पुग्ने अपेक्षा गरिएको छ । तालिममा सहभागीहरु कम्प्यूटर सम्वधि पूर्ण ज्ञान भएका हुनु पर्ने र तालिम अवधिभर Laptop कम्प्यूटरको प्रयोग हुने भएकोले सहभागीहरुले अनिवार्य रुपमा Laptop लिई आउन समेत अनुरोध गरिन्छ ।

| **तालिम सम्वन्धि विवरण:** | |
|---|---|
| मिति: | २०७५ वैशाख ३० देखि जेष्ठ ०४ गतेसम्म: संखुवासभा, सिन्धुपाल्चोक र पर्वत जिल्लाका सवै स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारी प्रत्येकवाट १/१ जना गरि २९ जना) |
| स्थान: | ढोकैमा क्याफे, पाटनढोका, ललितपुर । |

**नोट:** जिल्लावाट तालिममा आउंदा जांदाको तथा तालिम अवधि समेतको यातायात खर्च, दैनिक भत्ता, आवास खर्च आदि RAP3 को नियमानुसार उपलव्ध गराईनेछ ।

वोधार्थ:
श्री जिल्ला समन्वय समिमितको कार्यालय, सिन्धुपाल्चोक : जानकारीको लागि ।
श्री ग्रामीण पहुँच कार्यक्रम (RAP3-TMO) जावलाखेल: तालिम संचालनका लागि आवश्यक व्यवस्था गर्न हुन ।

(जीवन गुरागाई)
सिनियर डिभिजनल ईन्जिनियर